बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, सिन्धुली

फोन नं. : ०४७-५२०१६६,
०४७-५२१०४२
९८५४०४२१६६
सिन्धुलीमाढी, नेपाल

## यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रमको प्रस्ताव माग सम्बन्धमा सुचना !

**प्रथम पटक प्रकाशित मितिः २०७९/११/२१**

कृषि ज्ञान केन्द्र सिन्धुलीको आ.व. २०७९।८० का लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार **यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रमा** सहभागी हुन यस जिल्लाका कृषक समूह, कृषि सहकारी र निजी कृषि फर्मले यो सूचना प्रकाशित भएको तीस (मिति २०७९/१२/२०) दिनभित्र कार्यालय समयमा यस केन्द्रमा देहाय बमोजिमका कागजात सहित आवेदन पेश गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका आवेदन छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

| |
|---|
| **कार्यक्रमः यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम** |
| एकाईः हेक्टर |
| परिमाणः ५० |
| कार्यक्रम कुल बजेट (रु लाखमा): ५० |
| कार्यक्रम सञ्चालन हुने क्षेत्रः जिल्ला भर |
| उपलब्ध गराउने कृषि उपकरणः पावर टिलर, मिनिटिलर (डिजेल); रिपर; स्प्रेयर; धान थ्रेसर; गहुँ थ्रेसर; कम्बाईन्ड राईस मिल; बोईलर (च्याउको लागि); फगर सेट (च्याउको लागि) |
| प्रस्ताव पेश गर्न सक्ने लाभग्राहिः निजि कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| आवश्यक सामाग्रीः<br>१. रु १०।– को हुलाक टिकट टाँस गरेको अनुसुची-२ बमोजिमको निवेदन<br>२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र<br>३. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि<br>४. संस्था (कृषक समुह/कृषि सहकारी/ निजि कृषि फर्म) को संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र<br>५. संस्था (कृषक समुह/कृषि सहकारी/ निजि कृषि फर्म) को स्थायी लेखा नं (PAN), पछिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि<br>६. संस्थाको हकमा कार्यक्रम माग सम्बन्धमा तथा आवेदन गर्न अधिकार दिईएको सम्बन्धमा बैठक निर्णयको प्रतिलिपि (समुह वा सहकारीका लागि)<br>७. अधिकार प्राप्त व्यक्ति (निवेदक)को नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र पासपोर्ट साईजको १ प्रति फोटो<br>८. माग गरिने यन्त्र उपकरण र प्रविधिको लागि आवश्यक पर्ने न्यूनतम मापदण्ड (सम्बन्धित कार्याविधिको अनुसूची ४ र पावरटिलरको हकमा कम्तिमा १ हे.) अनुसारको आधार (लालपुर्जा वा लिजमा लिएको भए जग्गा कारार सम्झौता पत्र तथा सो जग्गाको लालपुर्जाको प्रतिलिपि लगायत पेश गर्नुपर्ने)<br>९. स्थानीय तहको सो कार्यक्रम वा यन्त्रउपकरणमा दोहोरो सहयोग नभएको सम्बन्धमा सिफारीस पत्र |
| सम्बन्धित कार्यविधिः कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |

***अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यस दिनको भोलिपल्ट कार्यलय समयभित्र निवेदन दर्ता हुनुपर्नेछ ।***
***अन्य कुरा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।रित नपुगी वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाहि हुनेछैन।***

**नोटः कार्यक्रम सम्बन्धित विस्तृत जानकारीका लागि यस केन्द्रमा सम्पर्क गर्न सकिनेछ।प्रस्तावना र निवेदनको ढाँचा यस केन्द्रको वेभसाईटमा उपलब्ध छ। साथै कार्यक्रम कार्यविधि सम्बन्धि जानकारीका लागि यसै केन्द्रको वेभसाईट sindhuli.akc.gov.np मा हेर्न वा डाउनलोड गर्नुहुन अनुरोध छ ।**

.......................
सुजन अंगाई
प्रमुख (अधिकृतस्तर नवौं)